https://twitter.com/suchanaayog
https://www.facebook.com/rtinepal

# सूचना मेरो अधिकार

(Quarterly RTI News Bulletin)

बर्ष : १ ◆ अङ्क : २ ◆ कार्तिक-माघ २०७७

# 'नागरिकलाई सहज सूचना, सार्वजनिक निकायको गरिमा'



राष्ट्रिय सूचना आयोगको आयोजनामा काभ्रेपलाञ्चोक जिल्लाको नमोबुद्ध नगरपालिकाका स्थानीय तहका जनप्रतिनिधि, कर्मचारी, समुदाय र समूहलगायतसँग सूचनाको हकसम्बन्धी अन्तर्क्रियात्मक कार्यक्रम २०७७ पौष १० गते शुक्रबार सम्पन्न भयो । सो कार्यक्रमको अध्यक्षता राष्ट्रिय सूचना आयोगका प्रमुख सूचना आयुक्त महेन्द्रमान गुरूङ्ले गर्नु भएको थियो भने नमोबुद्ध नगरपालिकाका मेयर टी.पी. शर्मा तिमल्सिना कार्यक्रममा प्रमुख अतिथि हुनुहुन्थ्यो ।

कार्यक्रमका सहभागीलाई राष्ट्रिय सूचना आयोगका तर्फबाट आयोगका शाखा अधिकृत हरिहर कार्कीले स्वागत गर्नुभएको थियो । कार्यक्रममा आफ्नो मन्तव्य राख्दै नमोबुद्ध नगरपालिकाका प्रमुख प्रशासकीय अधिकृत राजन पौडलेले सूचना मागेर दिनुभन्दा स्वतः प्रवाह गर्दा नागरिकप्रति राज्य जिम्मेवार रहेको पुष्टि हुने बताउनु भयो ।

कार्यक्रममा सूचनाको हकको बारेमा जान्नैपर्ने महत्वपूर्ण जानकारी विषयक कार्यपत्र आयोगका उप-सचिव कपिलप्रसाद उपाध्यायले प्रस्तुत गर्नुभएको थियो । कार्यक्रको उद्देश्य, सूचनाको हकको महत्व, सान्दर्भिकता, सूचनाको हकसँग जोडिएर आउने गोपनीयताको हकको बारेमा आयोगका सचिव डा. मुकुन्द प्रसाद पौड्यालले कार्यपत्र प्रस्तुत गर्नुभएको थियो ।

कार्यक्रममा मन्तव्य राख्ने क्रममा आयोगका सूचना आयुक्त रत्नप्रसाद मैनालीले सूचना प्रवाह स्वतः भएको खण्डमा सूचना माग्न कोही पनि (बाँकी पृष्ठ २ मा)

# सूचनामा सहज पहुँच : युनेस्कोको प्राथमिकता



■ **क्रिश्चियन म्यानहार्ट, युनेस्को प्रतिनिधि, नेपाल**

*क्रिश्चियन म्यानहार्टले युनेस्कोमा सन् १९८७ देखि महत्वपूर्ण जिम्मेवारी निर्वाह गरिसकेका छन् । कला, इतिहास र पुरातत्व विषयमा स्नातकोत्तर पूरा गरेका क्रिश्चियन म्यानहार्टले युनेस्कोमा रहेर ऐतिहासिक स्थलहरूको संरक्षणका लागि महत्वपूर्ण भूमिका निभाएका छन् । शहरहरूमा सामाजिक एकता र सद्भाव बृद्धिका लागि युनेस्को द्वारा भूमध्यसागर क्षेत्रमा सञ्चालन भएका परियोजनामा लामो समयसम्म काम गरेको अनुभव उनीसँग रहेको छ । २००५ मा युनेस्को विश्वसम्पदा केन्द्रमा सञ्चार र साझेदारी प्रमुखको रूपमा नियुक्त भएका म्याहार्ट पछि संग्रहालयहरू र अन्तर्राष्ट्रिय सँस्कृतिक समितिको अध्यक्ष भए । अगस्त २०१४ देखि उनी नेपालका लागि युनेस्को प्रतिनिधिका रुपमा कार्यरत छन् ।*

*सूचनाको हकको विश्वव्यापी कार्यान्वयनमा युनेस्कोले खेलेको भूमिकाको विषयमा केन्द्रित रहेर म्यानहार्टलाई* ***सूचना मेरो अधिकार****का लागि हामीले केही जिज्ञासा राखेका थियौं । सोही जिज्ञासाको नेपालीमा गरिएको भावानुवाद –*

**सूचनाको हकलाई विश्वमा चिनाउन र यसको प्रभावकारिता बढाउन युनेस्कोले महत्वपूर्ण भूमिका खेलेको छ । आगामी दिनमा युनेस्को कसरी जान चाहेको छ ?**

– सूचनाको हकको प्रबर्द्धनका लागि राष्ट्रिय सूचना आयोग, सूचनाको हकका अभियन्ता र पत्रकारहरूको संगठनहरूसँग युनेस्कोले निरन्तर सहकार्य गर्दै आइरहेको छ । सूचनाको हकसम्बन्धी अभियानलाई प्रबर्द्धन र सहयोग गर्नु सधैं हाम्रो प्राथमिकताको विषय हो । सूचनाको हकको कार्यान्वयनलाई अझ प्रभावकारी (बाँकी पृष्ठ ४ मा)


नमोबुद्ध नगरपालिकाको भकुण्डेबेसीमा आयोजित कार्यक्रमका सहभागी

## 'नागरिकलाई .....

नआउने भएकाले सबै कार्यालयहरूले प्रत्येक तीन/तीन महिनामा स्वतः प्रकाशन गनुपर्ने तथा माग गरेको बखत सूचना उपलब्ध गराउनु पर्ने कानुनी व्यवस्थाबारे बताउनुभयो ।

कार्यक्रमका प्रमुख अतिथि नमोबुद्ध नगरपालिकाका मेयर टि.पी. शर्मा तिमल्सिनाले नमोबुद्ध नगरपालिकाद्वारा सञ्चालित विकास-निर्माणका विभिन्न आयोजनाबारे पारदर्शी रूपले नै सूचना प्रवाह गर्ने गरिएको, वेबसाइट, सूचना पाटीलगायत अन्य विभिन्न स्थानीय सञ्चारमाध्यमबाट सूचना प्रवाह गरिरहेको बताउनुभयो । राष्ट्रिय सूचना आयोगद्वारा आयोजित अन्तर्क्रियात्मक कार्यक्रमले सूचना प्रवाहलाई अझै व्यवस्थित बनाउन आफूलाई प्रेरित गरेको उल्लेख गर्दै सूचना प्रवाह र स्वतः प्रकाशनलाई आगामी दिनमा अझै व्यवस्थित बनाउन नमोबुद्ध नगरपालिकाको प्रतिबद्धता व्यक्त गर्नुभयो ।

सहभागीले राखेका जिज्ञासको जवाफसहित कार्यक्रमको समापन गर्दै कार्यक्रमको अध्यक्षता गर्नुभएका राष्ट्रिय सूचना आयोगका प्रमुख सूचना आयुक्त तथा महेन्द्रमान गुरुङले सूचना प्रवाहलाई सरल र सहज बनाउँदा जनप्रतिनिधिको लोकप्रियता बृद्धि हुने बताउनुभयो । ■

**अन्तर्राष्ट्रिय गतिविधि**

# ट्रान्सपरेन्सीद्वारा सूचना प्रवाह र पहुँचमा सुनिश्चितताको जोड

ट्रान्सपरेन्सी इन्टरनेश्नल (Transparency International) ले भर्खरैमात्र सन् २०२० को भ्रष्टाचार जानकारी सूचक (Curruption Perception Index- CPI) प्रकाशन गरेको छ । यो सूचकले विश्वका विभिन्न देशहरूले भ्रष्टाचार नियन्त्रणका लागि गरेका प्रयास तथा कार्यका आधारमा ती देशहरूको अवस्थालाई चित्रण गर्दछ । ट्रान्सपरेन्सी इन्टरनेशनलको यस पटकको प्रतिवेदन कोभिड-१९ महामारी रोकथाम तथा नियन्त्रणका लागि सरकारहरूले गरेका क्रियाकलापमा केन्द्रित रहेको देखिन्छ ।

प्रतिवेदनमा विभिन्न देशका सरकारहरूलाई (१) नियामक निकायहरूलाई बलियो बनाउनु पर्ने, (२) खुला र पारदर्शी खरीद गर्ने सुनिश्चितता गर्नु पर्ने, (३) लोकतन्त्रको रक्षा र नागरिकको स्थान प्रबर्द्धन गर्नु पर्ने तथा (४) सम्बन्धित सूचना तथा तथ्याङ्क प्रकाशन एवम् पहुँचमा सुनिश्चितता हुनुपर्ने मुख्य रूपमा चारवटासहित अन्य सुझावहरू दिइएको छ ।

# 'निजी क्षेत्र पनि सूचनाको हकको दायरामा हुनुपर्ने'

सूचनाको हक सम्बन्धी संस्थाहरूको अन्तर्राष्ट्रिय संगठन International Conference of Information Commissioner's (ICIC) का अध्यक्ष तथा बेलायतका सूचना आयुक्त Elizabeth Dewham ले सार्वजनिक सेवा प्रवाहमा संलग्न हुने निजी क्षेत्रलाई पनि सूचनाको हकको नियमनको दायराभित्र ल्याउन जरूरी रहेको विचार व्यक्त गर्नु भएको छ ।

विशेष गरी कोभिड-१९ महामारीका क्रममा महामारी रोकथाम तथा नियन्त्रणका लागि निजी क्षेत्रलाई ठूलो धनराशी परिचालनका जिम्मेवारी दिइएको सन्दर्भमा निजी क्षेत्रका कम्पनीहरूलाई पनि सूचनाको हकको नियमनको दायरामा राख्न आवश्यक भएको बताउनु भएको हो । यस्ता कम्पनीहरूले गर्ने क्रियाकलापहरू पारदर्शी हुनुपर्ने पनि उहाँले बताउनु भएको छ ।

स्मरणीय छ कि नेपालमा पनि निजी क्षेत्रलाई सूचनाको हकको दायराभित्र ल्याउनु पर्ने विषयमा चर्चा हुँदै आएको छ । निजी क्षेत्रले गरेका कतिपय क्रियाकलाप सार्वजनिक चासो र सरोकारको विषय हुने धारणा राष्ट्रिय सूचना आयोगले स्पष्ट रूपमा राख्दै आएको छ । ■




# ‘सूचना मागकर्तालाई प्रोत्साहन आवश्यक’

सूचनाको हकको कार्यान्वयनको लागि २०७७ पौष १६ गते बिहिबार धादिङ जिल्लाको थाक्रे गाउँपालिकाका स्थानीय तहका जनप्रतिनिधि, कर्मचारी र समुदायका व्यक्तिहरूसँग सूचनाको हकसम्बन्धी अन्तर्क्रिया कार्यक्रम सम्पन्न भयो । उक्त कार्यक्रममा आयोगका शाखा अधिकृत सन्ध्या सिग्देलले सूचनाको हकको महत्व दर्शाउँदै मन्तव्य राख्नुभएको थियो । राष्ट्रिय सूचना आयोगका सूचना आयुक्त कमला ओली थापाले अध्यक्षता गर्नुभएको सो कार्यक्रममा प्रमुख अतिथि थाक्रे गाउँपालिकाका अध्यक्ष रामकुमार आचार्यले हुनुहुन्थ्यो ।

कार्यक्रममा राष्ट्रिय सूचना आयोगका उप-सचिव विश्वबन्धु पौडेलले लोकतन्त्रमा सूचनाको हकको महत्व विषयक कार्यपत्र प्रस्तुत गर्दै सूचनाको हकको उत्पत्ति, सार्वजनिक निकायको दायित्व, सूचना माग्ने र पाउने प्रक्रियाका बारेमा चर्चा गर्नुभएको थियो । कार्यक्रमको उद्देश्य, सूचनाको हकको महत्व, सान्दर्भिकता तथा सूचनाको हकसँग जोडिएर आउने गोपनीयताको हकको बारेमा आयोगका सचिव डा. मुकुन्द प्रसाद पौड्यालले कार्यपत्रको माध्यमबाट प्रस्तुत गर्नुभएको थियो ।

कार्यक्रमका प्रमुख अतिथि थाक्रे गाउँपालिकाका अध्यक्ष रामकुमार आचार्यले आफ्नो नगरपालिकाले वेबसाइटको व्यवस्था गरी सूचना प्रवाह गर्ने गरेको, सार्वजनिक सुनुवाईका कार्यक्रम गरेर सूचना सार्वजनिक गर्दै गरेको, सूचना मागकर्तालाई बिनाझन्झट मागेको सूचना दिने गरेको बताउँदै सूचना प्रवाह गर्ने विषयमा जिम्मेवार हुनुपर्ने बताउनुभयो । कार्यक्रममा ५७ जनाको सहभागिता रहेको थियो । ■

# सूचना आयुक्तहरुको दक्षिण एसियाली संगठनको बडापत्र–प्रस्ताव तयार

सूचनाको अधिकारको क्षेत्रमा भएका राम्रा र सफल अभ्यास तथा यसमा देखिएका समस्याबारे दक्षिण एशियाली देशका सूचना आयोग र आयुक्तहरूबीच समन्वय र सहकार्यका लागि क्षेत्रीय स्तरको संगठनको आवश्यकता महसुस हुँदै आएको छ । सूचना आयुक्तहरूको अन्तर्राष्ट्रिय संस्था International Conference of Information Commissioners(ICIC) को कार्यकारिणी समितिमा राष्ट्रिय सूचना आयोग सदस्य रहेको छ ।

राष्ट्रिय सूचना आयोगले दक्षिण एशियालीस्तरमा सूचना आयुक्तहरूको संगठन निर्माणको सम्भाव्यताबारे छलफल चलाउँदै आएको थियो । सोही विषयमा २०७७ मंसिर ११ गते आयोगको बैठकले आयोगका सचिवको अध्यक्षतामा सञ्चार तथा सूचना प्रविधि मन्त्रालय उपसचिव, परराष्ट्र मन्त्रालयका उपसचिव र आयोगका उपसचिव सदस्य सचिव रहने गरी संगठनको बडापत्रको प्रारूप तयार गर्ने जिम्मेवारी दिएको थियो ।

आयोगका सचिव डा. मुकुन्द प्रसाद पौड्याल अध्यक्ष रहनु भएको सो समितिमा सञ्चार तथा सूचना प्रविधि मन्त्रालयका उपसचिवसंगिता ओझा, परराष्ट्र मन्त्रालयका उपसचिव मणिरत्न शर्मा सदस्य तथा आयोगका उपसचिव कपिलप्रसाद उपाध्याय सदस्य सचिव रहेको सो समितिले विभिन्न समयमा बैठक बसी संगठनको बडापत्रको प्रारूप तयार गरी माघ ६ गते आयोगसमक्ष पेश गरेको छ । ■

# सूचनामा सहज पहुँच : युनेस्कोको प्राथमिकता

बनाउनका लागि राष्ट्रिय सूचना आयोग र सरोकारवालाहरूसँगको सहकार्यलाई युनेस्कोले आगामी दिनमा पनि निरन्तरता दिनेछ ।

**भर्खरैमात्र युनेस्को र सूचना आयुक्तहरूको अन्तर्राष्ट्रिय संस्था (आईसीआईसी) बीच सूचनामा पहुँच बृद्धि र सूचनाको हकलाई विश्वव्यापी बनाउने सम्झौतामा हस्ताक्षर भएको छ । यस सम्झौताले के-कस्ता सकारात्मक परिणाम ल्याउला भन्ने लाग्छ यहाँलाई ?**

**एक सुसूचित नागरिकले, सार्वजनिक निकायमा रहेका अधिकारीहरूले गरेका निर्णयका बारेमा जानकारी प्राप्त गर्न र त्यसलाई सार्वजनिक गर्न सक्छ, जसबाट ती अधिकारीलाई निर्णय प्रक्रिया र राज्यको ढुकुटीबाट हुने खर्च- दुबैप्रति जिम्मेवार बनाउन मद्दत गर्दछ । जब पारदर्शिताको स्वतः प्रबन्ध गरिन्छ तबमात्र ती निकायमा रहेका अधिकारी नागरिकप्रति जवाफदेही बन्छन् । सूचनाको उचित प्रवाहले विकासका कार्यहरूलाई सुदृढ गर्नका लागि मद्दत गर्दछ, जसले अन्ततः जनताको जीवनस्तर माथि उठाउँदछ, र देशको मानव विकास सूचकाङ्क (एचडीआई)मा सुधार गर्न सहयोग गर्दछ ।**

- यो सम्झौता नेपालसहित आईसीआईसीका सदस्य राष्ट्रहरूमा सूचनामा पहुँचको अभियानलाई बलियो बनाउने दिशामा कोसेढुङ्गा बन्नेछ । संयुक्त राष्ट्र संघमा संरक्षक संस्थाको रूपमा रहेको युनेस्कोले दीगो विकास लक्ष्य (एसडीजी) १६.१०.२ हासिल गर्नका लागि सूचनामा नागरिकको पहुँचलाई संवैधानिक र कानुनी सुनिश्चिततालाई मानकका रूपमा लिएको छ । सूचनाको अधिकारका क्षेत्रमा भएका असल अभ्यासको पहिचान गरी सूचनामा सहज पहुँचका लागि जागरूकता बृद्धि गर्ने कार्यलाई युनेस्कोले आगामी दिनमा प्राथमिकताका साथ निरन्तरता दिनेछ ।

यो सम्झौताले सूचनामा सहज पहुँच, यसको सबलीकरण र यसलाई लागु गर्नका लागि युनेस्कोको प्रतिवद्धतालाई थप बलियो बनाएको छ । युनेस्को र आईसीआईसीबीच भएको यो सम्झौताले सूचनाको हकको क्षेत्रमा भएका असल अभ्यासबारे अनुभव आदानप्रदान गर्न, अध्ययन-अनुसन्धान, यसको संस्थागत विकास तथा क्षमता अभिबृद्धिको क्षेत्रमा सहकार्यका लागि मार्गप्रशस्त गर्नेछ । मलाई विश्वास छ, नेपालमा समेत सूचनाको अधिकारको अभियानमा यसले प्रभावकारी असर पर्नेछ ।

**सूचनामा पहुँच र सूचनाको अधिकार यतिबेला विश्वव्यापी अभियान बन्दै गइरहेको छ । सूचनाको अधिकारको महत्वलाई युनेस्कोले कसरी लिएको छ ?**

- सूचनाले नागरिकलाई सशक्त (शक्तिशाली) बनाउँछ । तसर्थ, यसको महत्व नागरिकलाई सूचना उपलब्ध गराउनुमा मात्र सीमित छैन, यसबाट नागरिकलाई सक्षम र सशक्त बनाउनु हो । सूचनाको अधिकारको महत्वलाई ध्यानमा राखेर नै हामीले सूचनामा पहुँचसम्बन्धी विश्वव्यापी अन्तर्राष्ट्रिय दिवस नै मनाउने गरेका छौं । अहिलेको महामारीको समयमा त नागरिकका लागि सूचनाको महत्व अझै बढेको छ । सूचनामा नागरिकको पहुँचलाई संवैधानिक र कानुनी रूपमा गरिने सुनिश्चितताले नागरिकको जीवन बचाउन सक्छ, विश्वनियतामा अभिवृद्धि ल्याउन सक्छ तथा कोभिड- १९ को जस्तो सङ्कटपूर्ण अवस्थाको सामना गर्ने गरी दीर्घकालीन नीति निर्माण गर्न मद्दत पुऱ्याउँछ भन्ने हामीलाई विश्वास छ ।

मैले माथि पनि उल्लेख गरिसकेको छु कि दीगो विकास लक्ष्य (एसडीजी) १६.१०.२ बारे हेर्नका लागि युनेस्को संयुक्त राष्ट्र संघीय निकाय हो ।

युनेस्कोले सूचनामा पहुँचको सुनिश्चितताको अवस्था तथा त्यसको कार्यान्वयनमा अन्तर्राष्ट्रिय प्रगतिबारे एसजीडी १६.१०.२ लाई सूचक मानेर गरेको अनुसन्धान प्रतिवेदन भर्खरैमात्र सार्वजनिक गरेको छ । राष्ट्रिय सूचना आयोग लगायत नेपालका जिम्मेवार निकाय यस विषयमा हामीले गरेको अनुरोधलाई स्वीकार गरी अध्ययनमा सहभागी भएका थिए । मलाई विश्वास छ कि यो सर्वेक्षणका निष्कर्षहरूले सम्बद्ध अधिकारीहरूलाई उपयुक्त नीतिहरु अवलम्बन गर्न र नागरिक हितका लागि यसको कार्यान्वयन गर्न सहयोग पुग्नेछ ।

**नेपालजस्ता देशहरूमा सूचनाको अधिकारको प्रयोगले मानव विकास सूचकाङ्क, पारदर्शिता र भ्रष्टाचार नियन्त्रणमा योगदान पुऱ्याउन सकेको पाउनु भएको छ ?**

- सूचनाको हक (आरटीआई) सार्वजनिक निकायहरूलाई निगरानीमा राख्ने एउटा महत्वपूर्ण माध्यम हो । एक सुसूचित नागरिकले, सार्वजनिक निकायमा रहेका अधिकारीहरूले गरेका निर्णयका बारेमा जानकारी प्राप्त गर्न र त्यसलाई सार्वजनिक गर्न सक्छ, जसबाट ती अधिकारीलाई निर्णय प्रक्रिया र राज्यको ढुकुटीबाट हुने खर्च- दुबैप्रति जिम्मेवार बनाउन मद्दत गर्दछ । जब पारदर्शिताको स्वतः प्रबन्ध गरिन्छ तबमात्र ती निकायमा रहेका अधिकारी नागरिकप्रति जवाफदेही बन्छन् । सूचनाको उचित प्रवाहले विकासका कार्यहरूलाई सुदृढ गर्नका लागि मद्दत गर्दछ, जसले अन्ततः जनताको जीवनस्तर माथि उठाउँदछ, र देशको मानव विकास सूचकाङ्क (एचडीआई)मा सुधार गर्न सहयोग गर्दछ ।

**नागरिकको मौलिक अधिकारका रूपमा सुशासन कायम गर्न र भ्रष्टाचार नियन्त्रणका लागि महत्वपूर्ण औजार मानिएको सूचनाको हकको कार्यान्वयनका लागि युनेस्को नेपालले केही योजना बनाएको छ कि ?**

- युनेस्को काठमाडौं कार्यालयले सार्वजनिक चासोको विषयमा जानकारी लिन चाहने सर्वसाधारणलाई सही र समयमै सूचना दिने प्रचलनलाई प्रोत्साहन गर्नका लागि राष्ट्रिय सूचना आयोग, सूचनाको हकका अभियन्ता, सञ्चार क्षेत्र तथा पत्रकारलाई सहयोग गर्दै आएको छ । युरोपेली संघसँगको सहकार्यमा युनेस्कोद्वारा सन् २०१३ देखि २०१६ सम्म सञ्चालित 'नेपालका पदाधिकारीहरूको बृहत्तर उत्तरदायित्वका लागि सूचनाको अधिकारको अधिकतम् उपयोग गर्न नागरिक सशक्तीकरण' परियोजनाले सूचनाको अधिकारलाई सुदृढ पार्न विभिन्न क्षेत्रका एक हजारभन्दा बढी नागरिकलाई सशक्तीकरण गराएको छ ।

सन् २०१८ मा युनेस्को र श्रीलंका सरकारले आयोजना गरेको सूचनामा विश्वव्यापी पहुँचसम्बन्धी कार्यक्रममा सूचना आयुक्त र आरटीआई विज्ञलाई सूचनाको हकका क्षेत्रमा नेपालको अवस्था र भविष्यको मार्गबारेमा प्रस्तुतीकरण गर्न आमन्त्रित गरेको थियो । यसबाट सूचनाको हकको क्षेत्रमा भएका असल अभ्यासहरूबारे जानकारी आदान-प्रदान गर्न र यो क्षेत्रमा थप सहयोग र समर्थनका लागि अन्तर्राष्ट्रिय समुदायको ध्यानाकर्षण गर्न नेपालले अवसर प्राप्त गऱ्यो ।

अहिले, सार्वजनिक सरोकारका तथ्याङ्क र सूचनामा सहज पहुँचका लागि सरोकारवालाहरूसँग छलफल तथा अध्ययन गर्दैछौं ।

**सूचनाको हकको क्षेत्रमा राष्ट्रिय सूचना आयोग यतिबेला रणनीतिक योजना निर्माणको अन्तिम चरणमा छ । यो रणनीतिक योजनामा छुटाउन नहुने केही छ कि ?**

सन् २००७ मा सूचनाको हकसम्बन्धी ऐन जारी भएदेखि नेपालले आफ्ना नागरिकलाई सूचनाको अधिकार सुनिश्चित गर्ने दिशामा प्रशंसनीय प्रगति गरेको छ । यद्यपि, चुनौतिहरु अझै छन् । बहुसङ्ख्यक नागरिक अझै पनि सार्वजनिक महत्वको विषयमा जानकारी प्राप्त गर्नबाट बञ्चित छन् । यस्तो अवस्थामा आयोगले निर्माण गर्न लागेको रणनीति त्यसै दिशामा केन्द्रित भएर आओस् र सार्वजनिक सरोकारका विषयमा सूचना प्राप्त गर्ने नागरिकको संवैधानिक अधिकारबाट बञ्चित हुनु नपरोस् । आयोगको भूमिका सराहनीय भएता पनि सार्वजनिक निकायबाट सूचना दिन अस्वीकार गरिएको गुनासो भएमा तत्कालै सूचना दिलाउनका लागि सुधार गर्नुपर्ने ठाउँहरू अझै छन् । म आशावादी छु कि आयोगको नयाँ रणनीतिले यी समस्याहरूलाई सम्बोधन गर्नेछ । ■

# 'नागरिक अधिकारलाई बोझ मान्न हुन्न'




राष्ट्रिय सूचना आयोगले सूचनाको हकको कार्यान्वयनको अवस्था र समस्याका विषयमा काठमाडौं जिल्लाको शंकरापुर नगरपालिकाका जनप्रतिनिधि, कर्मचारी र नागरिक समुदाय र सञ्चारकर्मीसँग अन्तर्क्रियात्मक कार्यक्रम आयोजना गरेको थियो । शंखरापुर नगरपालिकाका स्थानीय तहका जनप्रतिनिधि, कर्मचारी, समुदायका सदस्य तथा सञ्चारकर्मीको उत्साहजनक सहभागिता रहेको सो कार्यक्रम २०७७ मंसिर ३० गते मंगलबार कार्यक्रम सम्पन्न भयो ।

आयोगका उप-सचिव कपिलप्रसाद उपाध्यायले सूचनाको हकको बारेमा जान्नैपर्ने महत्वपूर्ण जानकारी विषयक कार्यपत्र प्रस्तुत गर्नुभएको थियो भने कार्यक्रको उद्देश्य, सूचनाको हकको महत्व, सान्दर्भिकता, सूचनाको हकसँग जोडिएर आउने गोपनीयताको हकको बारेमा आयोगका सचिव डा. मुकुन्द प्रसाद पौड्यालले कार्यपत्र प्रस्तुत गर्नुभएको थियो ।

कार्यक्रमका प्रमुख अतिथि शंखरापुरा नगरपालिकाका मेयर सुवर्ण श्रेष्ठले आफ्नो नगरपालिकाले वेबसाइटको व्यवस्था गरी सूचना प्रवाह गर्ने गरेको, सार्वजनिक सुनुवाइका कार्यक्रम गरेर सूचना सार्वजनिक गर्दै गरेको सूचना मागकर्तालाई सूचना दिने गरेको र केही केही व्यक्तिले विज्ञापन माग्नका लागि दुखः दिने नियतले सूचना माग गर्ने गरेको बताउनुभयो ।



सूचना माग गर्नु नागरिकको संविधानप्रदत्त मौलिक अधिकार भएको, मागकर्ताले माग गरेको सूचना दिनु कानुनी र संवैधानिक दायित्व भएकोले सूचना दिन आनाकानी नगर्न, स्वतः प्रकाशन नियमित गर्न, नतोकिएका सार्वजनिक निकायमा सूचना अधिकारी तोक्न तथा सूचना प्रदान गर्नुलाई बोझ नसम्झिई सूचना दिन सूचना अधिकारी र कार्यालय प्रमुखहरूलाई कार्यक्रमका अध्यक्षतासमेत गर्नभएका सूचना आयुक्त रत्नप्रसाद मैनालीले आग्रह गर्दै सहभागीहरूबाट राखिएका जिज्ञासाको जवाफसहित समापन मन्तव्य राख्नुभएको थियो ।

आयोगका तर्फबाट शाखा अधिकृत सन्ध्या सिग्देलले कार्यक्रमका सहभागीहरूलाई स्वागत गर्नुभएको थियो । ■

# उत्तरपुस्तिका संरक्षणमा गैरजिम्मेवार त्रिवि शिक्षाध्यक्षलाई कार्वाही

स्याङजा जिल्ला, पुतली बजार- ८ हाल कामनपा- ११ निवासी आशिष पौडेलद्वारा त्रिभुवन विश्वविद्यालयका शिक्षाध्यक्षलाई विपक्षी बनाई सूचनाको हकसम्बन्धी ऐन, २०६४ को दफा १० बमोजिम २०७५/०९/२९ गते सञ्चालित विज्ञान तथा प्रविधि अध्ययन संस्थान अन्तर्गतको स्नातकोत्तर तह भौतिकशास्त्रको प्रथम सेमेष्टरको Msc Quantum Mechanics I Phy, 503 को पुरानो कोर्सको परीक्षाको सम्पूर्ण परीक्षार्थीहरूको उत्तरपुस्तिका धुल्याउनबाट निषेध गरी सुरक्षित रूपमा शिलबन्दी गरी राखी पाउँ भनी राष्ट्रिय सूचना आयोगमा २०७६/०६/०९ मा (मु. नं. ८५/०७६/७७) पुनरावेदन गरिएको थियो । सो सम्बन्धमा पुनरावेदकको मागबमोजिम उत्तरपुस्तिका संरक्षण गर्न सूचनाको हकसम्बन्धी ऐनको दफा २८ बमोजिम उत्तरपुस्तका संरक्षणका लागि विभिन्न मिति र समयमा त्रिभुवन विश्वविद्यालयका सम्बन्धित पक्षलाई आयोगको इजलाशबाट आदेश भएको थियो ।

तर, आयोगले आदेश बमोजिम कागजातहरूको संरक्षणको व्यवस्था मिलाउन भनिएकोमा त्रि. वि., शिक्षाध्यक्ष, शिक्षाध्यक्षको कार्यालय, कीर्तिपुरले बेवास्ता गरी मातहतको कार्यालयलाई देखाई आफ्नो जिम्मेवारीबाट पञ्छिदै संविधानप्रदत्त र कानूनले व्यवस्था गरेबमोजिम संरक्षण गरिनु पर्ने सूचना संरक्षण गर्नू भन्ने आयोगको आदेश विपरीत उत्तरपुस्तिका नष्ट गर्ने त्रि. वि., शिक्षाध्यक्षको कार्यालय, कीर्तिपुरका कार्यालय प्रमुख (शिक्षाध्यक्ष) लाई सूचनाको हकसम्बन्धी ऐन,२०६४ को दफा ३२ को उपदफा (५) बमोजिम रू. ५,००० (अक्षरेपी पाँच हजार) जरिबाना हुने ठहर आयोगको २०७७ मंसिर २५ गतेको इजलाशले गरेको छ । ■

## सूचना उपलब्ध नगराउने तीनवटा बैंकका प्रमुखलाई कार्वाहीको आदेश

जुम्ला जिल्ला, चन्दननाथ नगरपालिका–४ स्थायी ठेगाना भई हाल नयाँठिमी, भक्तपुर निवासी अंगराज भारतीले सूचनाको हकसम्बन्धी ऐन, २०६४ बमोजिम माग गरेको सूचना उपलब्ध नगराउने तीनवटा बैंकका प्रमुखलाई राष्ट्रिय सूचना आयोगले दफा ३२ बमोजिम जरिवानाको आदेश गरेको छ ।

नागरिकको संविधानप्रदत्त र कानूनले व्यवस्था गरेको सूचनाको हकको उल्लङ्घन गर्ने लक्ष्मी बैंक लि., केन्द्रीय कार्यालय, हात्तीसार, काठमाडौंका कार्यालय प्रमुखलाई (मु.नं. १५४/०७६/७७) र पौष २ गतेको इजलाशले बैंक अफ काठमाडौं लि., केन्द्रीय कार्यालय, कमलपोखरी (मु.नं. १४७/०७६/७७) तथा प्राइम बैंक लि., केन्द्रीय कार्यालय, कमलपोखरी (मु.नं. १४८/०७६/७७) का प्रमुख कार्यकारी अधिकृतलाई सूचनाको हकसम्बन्धी ऐन, २०६४ को दफा ३२ को उपदफा (१) बमोजिम रू. १०,००० (अक्षरेपी दश हजार) जरिबाना हुने ठहर गरेको छ ।■

### उपसचिवको सरुवा

*राष्ट्रिय सूचना आयोगमा लामो समयदेखि कार्यरत उपसचिव बाबुराम पाण्डेको सिंचाई विभागमा सरुवा भएको छ भने आयोगमा उपसचिव विश्वबन्धु पौडेल सिंचाई विभागबाट सरूवा भई आउनुभएको छ ।* ■

## 'सूचना मागकर्ताका लागि सहज वातावरण बनाउन आवश्यक'

कोभिडका कारण प्रत्यक्ष उपस्थित भई कार्यक्रम सम्पन्न गर्न जोखिम भएपछि राष्ट्रिय सूचना आयोगले भर्चुअल (zoom) माध्यमबाट पनि सूचनाको हकको बारेमा सरोकारवाला विभिन्न पक्षसँगको प्रशिक्षाणात्मक तथा अन्तर्क्रियात्मक कार्यक्रमलाई निरन्तरता दिँदै आएको छ । यसै क्रममा २०७७ मंसिर २४ गते बुधबार कैलाली जिल्लामा रहेका विभिन्न कार्यालयका प्रमुख, सूचना अधिकारी र सञ्चारकर्मीहरूसँग सूचनाको हक कार्यान्वयनको विषयमा राष्ट्रिय सूचना आयोगको आयोजनामा अन्तर्क्रियात्मक भर्चुअल कार्यक्रम सम्पन्न भयो ।

कार्यक्रममा आयोगका सचिव डा. मुकुन्द प्रसाद पौडेलले कार्यपत्र प्रस्तुत गर्नुभएको थियो । डा. पौडेलद्वारा प्रस्तुत कार्यपत्रमा सूचनाको हक सम्बन्धी ऐन तथा नियमावलीमा भएको व्यवस्था, सूचना अधिकारी, स्वतः प्रकाशन, सूचना माग गर्दा सूचना दिनुपर्ने तथा आयोगले गरेका आदेशहरूको कार्यान्वयनलगायतका विषय समावेश थिए ।

बैठकमा सहभागीहरूबाट सूचनाको हकका सन्दर्भमा भएका कानूनी व्यवस्थाको कार्यान्वयनमा प्रतिबद्धता व्यक्त गरिएको थियो । सो अन्तर्क्रियात्मक भर्चुअल कार्यक्रममा जिल्ला स्थित कार्यालयका प्रमुखहरूबाट सूचनाको हकको कार्यान्वयनमा भएका गतिविधिसहित आफ्ना धारणा र जिज्ञासासमेत राखिएको थियो । सोही क्रममा जिल्ला निर्वाचन अधिकारी प्रेमराज भट्टले जिल्ला प्रशासन कार्यालयले कोभिड– १९ शुरू हुनु अगाडि प्रत्येक महिनाको ४ गते सूचना अधिकारीहरूको बैठक राख्ने गरिएको तथा सूचना शाखाको व्यवस्था, सूचनाको अभिलेखीकरण, वर्गीकरणबारे आफ्नो धारणा राख्नुभएको थियो ।

कार्यक्रममा कैलाली जिल्लाका प्रमुख जिल्ला अधिकारी यज्ञराज बोहोराले प्रत्येक महिनाको ५ गते कार्यालय प्रमुखहरूको बैठक राख्ने गरिएको र त्यसको अघिल्लो दिन अर्थात् प्रत्येक महिनाको ४ गते सूचना अधिकारीहरूको बैठक राख्ने गरिएको र हरेक ३/३ महिनामा स्वतः प्रकाशन गर्नेतर्फ सक्दो पहल भएको बताउनु भयो ।

कार्यक्रमको अध्यक्षता गर्नु भएका राष्ट्रिय सूचना आयोगका सूचना आयुक्त कमला ओली थापाले आयोग नियमनकारी निकाय भएता पनि यसले सूचनाको हकसम्बन्धी जनचेतना अभिबृद्धि गर्दै आएको र कोभिड–१९ का कारण भर्चुअल माध्यमबाट भए पनि सूचनाको हकसम्बन्धी कार्यक्रम आयोजना गरिएको बताउनुभयो ।सूचना माग गर्नेतर्फ सर्वसाधारण सचेत नागरिकलाई उत्साहित गर्नेतर्फ आयोगको पनि भूमिका हुन बताउँदै आयुक्त थापाले सूचना माग्नेप्रति अभद्र व्यवहार गरिएको गुनासो बढ्दै गएको हुँदा आगामी दिनमा जिल्ला प्रशासन कार्यालयबाट सूचना मागकर्ताको सुरक्षा र सूचना माग्ने वातावरण सहज बनाउन पहलका लागि आयोगले गृह मन्त्रालयमार्फत् जिल्ला प्रशासन कार्यालयहरूलाई लेखिपठमएको बताउनु भयो ।

कार्यक्रममा सहभागीहरूलाई स्वागत गर्दै आयोगका उप–सचिव कपिलप्रसाद उपाध्यायले आयोगको बारेमा छोटो परिचयात्मक मन्तव्य राख्नुभएको थियो । कार्यक्रम आयोगका शाखा अधिकृत डिल्लीराम भट्टले सञ्चालन गर्नुभएको थियो । ■

## कार्तिक–पुससम्म परेका पुनरावेदन र निवेदन तथा तिनको अवस्था

राष्ट्रिय सूचना आयोगमा कार्तिकदेखि पौष महिनासम्म विभिन्न सार्वजनिक निकायसँग सूचना माग गर्दै २ सय ४८ वटा पुनरावेदन दर्ता भएका छन् । ती पुनरावेदनहरूउपर आयोगको इजलाशबाट ७ दिनभित्र लिखित जवाफ पेश गर्नू भन्ने १ सय २ वटा आदेश जारी भएको छ । आयोगको इजलाशबाट ७ दिनभित्र सूचना उपलब्ध गराउनू भन्ने १५, ३ दिनभित्र सूचना उपलब्ध गराउनू भन्ने ६, दफा ३२ बमोजिम कार्वाहीका लागि ४, दफा २८ बमोजिम सूचना संरक्षण गर्नू भन्ने १ तथा सूचना उपलब्ध गराएकोले लगतकट्टा गर्नू भन्ने १० वटा आदेश भएका छन् भने दरपीठ पुनरावलोकन सम्बन्धमा दुईवटा आदेश जारी भएको छ ।

गत कार्तिकमा जम्मा ४३ वटा पुनरावेदन उजुरीहरू दर्ता भएका थिए भने मंसिरमा १८ तथापौषमा१७७पुनरावेदन दर्ता भएका पुगेको छ । आयोगबाट भएका आदेशहरूको संख्या यस अवधिमा कार्तिकमा ४८, मंसिरमा ३१ र पौषमा ६१ वटा रहेका थिए ।

यसै त्रैमासमा आयोगबाट विभिन्न निकायलाई २ सय ३२ पत्राचार भएका छन् । यसबीचमा आयोगका दुईवटा बैठक बसेको थियो । ■

# कार्यक्रम उपलब्धिमूलक भएको निष्कर्ष

राष्ट्रिय सूचना आयोगको २०७७ पौष २८ गते सम्पन्न बैठकमा चालू आर्थिक वर्षको हालसम्म सम्पन्न कार्यक्रमहरूबारेमा छलफल भयो । हालसम्म सम्पन्न कार्यक्रमहरु उपलब्धिमूलक रहेको निष्कर्ष आयोगको रहेको छ । आगामी दिनमा स्थानीय तहमा सञ्चालन हुने कार्यक्रमहरूमा सहभागी छनौट गर्दा सबै समूहको प्रतिनिधिमूलक सहभागिता हुने गरी थप समावेशी तथा प्रभावकारी बनाउँदै लैजाने निर्णय आयोगले गरेको छ ।

सूचनाको हकको प्रभावकारी कार्यान्वयनका लागि अन्य कार्यका अतिरिक्त देहायबमोजिमको व्यवस्था गर्न गराउन नेपाल सरकारका सार्वजनिक निकायहरूका हकमा नेपाल सरकारका मुख्य सचिव, प्रदेश सरकारका सार्वजनिक निकायहरूका हकमा प्रदेश सरकारका प्रमुख सचिव र स्थानीय तहका सार्वजनिक निकायहरूका हकमा संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयका सचिवमार्फत अनुरोध गर्ने निर्णय आयोगको बैठकले गरेको छ । जस अनुसार,

प्रत्येक सार्वजनिक निकायले सूचनाको हकसम्बन्धी कार्यक्रम तथा बजेट अनिवार्यरूपमा राख्ने व्यवस्था गर्नुपर्ने (कार्यक्रम प्रस्ताव गर्दा सूचनाको हकसम्बन्धमा सरोकारवालाहरूसँग अन्तरक्रिया, छलफल तथा नागरिकहरूका लागि सूचनाको हकसम्बन्धी अभिमुखीकरण, सूचाको हकसम्बन्धी ब्रोसर तथा पुस्तिका प्रकाशन इत्यादि), प्रत्येक सार्वजनिक निकायले सूचनाको हकसम्बन्धी कानूनअन्तर्गत प्रकाशन गर्नु पर्ने स्वतः प्रकाशनका लागि पर्याप्त बजेटको व्यवस्था गर्नुपर्ने, प्रत्येक सार्वजनिक निकायले सूचना अधिकारीलक्षित तालिम र अभिमुखीकरणका कार्यक्रमका साथै सहज र सजिलोका लागि मोबाइल, सिम कार्ड, इन्टरनेट तथा मसलन्दका लागि उपयुक्त व्यवस्था मिलाउनु पर्ने, प्रत्येक सार्वजनिक निकायले सूचना मागकर्ताको सहजताका लागि सूचना कक्ष, निवेदनको नमूना तथा बस्ने, प्रतिक्षा गर्ने कक्षको व्यवस्था मिलाउन आवश्यक प्रक्रिया बढाउन आदेश गर्ने पनि आयोगको बैठकले निर्णय गरेको छ ।

आगामी २०७८ मा हुने बान्हौं राष्ट्रिय जनगणनाका सन्दर्भमासूचनाको हकसम्बन्धी ऐन, २०६४ को दफा १९ को देहाय खण्ड (ग), (च) र (छ) अनुसार नेपाल सरकार, केन्द्रीय तथ्याङ्क विभागका महानिर्देशकको नाममा बैठकले निम्न आदेश जारी गरेको छ ।

- राष्ट्रिय जनगणना के हो ? यसमा सबैले सहभागी हुन किन आवश्यक छ ? सही जानकारी दिन किन महत्वपूर्ण छ ? साथै दिइएको जानकारी गोप्य रहन्छ भन्ने बिषयमा नागरिकलाई विश्वास दिलाउने बिषयहरूमा व्यापक प्रचार प्रसार गर्न,
- राष्ट्रिय जनगणनाका क्रममा नागरिकको हक अधिकार र गणकको दायित्वका बारेमा स्पष्ट खुल्ने विवरण सहितको पुस्तिका वितरण गर्न,
- राष्ट्रिय जनगणनाका सन्दर्भमा गरिने प्रचारप्रसार सामाग्री, नेपाली भाषा लगायत अपाङ्गता भएकाहरूलाई हुने गरी र स्थानीय रूपमा प्रचलनमा रहेका राष्ट्रिय भाषाहरूमा पनि प्रकाशन तथा प्रसारण गर्ने व्यवस्था मिलाउन,
- नागरिकलाई सूचना प्रवाह गर्ने काममा संघीय सरकारले प्रदेश सरकार र स्थानीय तहसँग पनि समन्वय गरी सबै प्रदेश र सबै स्थानीय तहबाट यसबारे आवश्यक सूचना प्रवाह गर्ने प्रबन्ध मिलाउन,
- स्थानीय स्तरमा रहेका आम सञ्चारका माध्यमहरूको व्यापक प्रयोग गर्ने गराउने व्यवस्था मिलाउन
- सूचनालाई व्यापक प्रचार प्रसार गर्न अनलाइन, वेबसाइटलगायत सामाजिक सञ्जालको समेत उपयोग गर्नू, स्थान र आवश्यकता अनुसार माइकिङ् गर्ने, पर्चा–पम्प्लेट वितरण गर्ने, फ्लेक्स बोर्ड तथा डिजिटल बोर्ड मार्फत सार्वजनिक गर्ने, स्कूल–कलेजका शिक्षक, विद्यार्थीलाई यसबारे जानकारी दिने र आमनागरिक भेला हुने स्थान तथा कार्यक्रमहरूमा यससम्बन्धी सूचना प्रवाह गर्ने प्रबन्ध मिलाउन,
- सम्भव भएसम्म सञ्चारका आधुनिक माध्यम जस्तै मोबाईल, तथा एसएमएस, कलर ट्युन र टोल फ्रि नम्बरमार्फत् समेत आमनागरिकलाई जनगणनाको महत्वबारे सूचना तथा जानकारी सम्प्रेषण गर्न,
- जनगणनालाई सफल बनाउन विभिन्न महिला समूह, उपभोक्ता समूहहरु, सामाजिक संघ संस्थाका कर्मचारी, शिक्षक, विद्यार्थीहरूलाई यो राष्ट्रिय अभियानको प्रचार प्रसारमा सहभागी गराउने व्यवस्था गर्न आयोगले आदेश गरेको छ ।

आयोगको सोही बैठकले सूचनाको हकको क्षेत्रमा क्रियाशील सूचना आयुक्तहरूको अन्तर्राष्ट्रिय संस्था International Conference of Information Commissioners (ICIC) को आगामी कार्याकारिणी समितिमा उमेद्वारी दिने निर्णय गरेको छ । सो संस्थामा हाल कायम रहेको १६ सदस्यीय तदर्थ कार्यकारणी समितिमा नेपालसहित अल्बर्टा (क्यानडा), अर्जेन्टिना, बर्मुडा, ब्राजिल, चिली, हंगेरी, इण्डिया, केन्या, मेक्सिको, स्कटल्याण्ड, सर्विया, सियरालियोन, साउथ अफ्रिका, ट्युनिसिया र संयुक्त अधिराज्य रहेका छन् भने संयुक्त अधिराज्य यसको अध्यक्ष रहेको छ ।


संस्थाको बैठक वर्षको एक पटक बस्ने व्यवस्था भए अनुरूप सन् २०२० मा ब्राजिलमा हुने तय भएको थियो तर कोभिड महामारीका कारण हुन सकेन र यस वर्षको जुनमा गर्ने हुँदैछ । कोभिडकै कारण कार्यकारणी समितिको निर्वाचन अनलाइन विधिबाट पनि गर्न सकिने व्यवस्था गरिएको छ । सोही अनुसार तदर्थ कार्यकारणी समितिको निर्णय अनुसार कार्यकारणी समितिको निर्वाचन कार्यक्रम सार्वजनिक गरिएको छ । निर्वाचन कार्यक्रम बमोजिम अध्यक्ष, उपाध्यक्ष र ५ जना सदस्यहरूका लागि निर्वाचन हुँदैछ ।

तदर्थ कार्यकारणी समितिको सदस्यका रूपमा नेपालको प्रतिनिधित्व गर्दै राष्ट्रिय सूचना आयोगले नियमित रूपमा सक्रियतापूर्वक समितिको बैठकमा भाग लिंदै आएको छ । सूचनाको हकको संरक्षण, सम्बर्द्धन र प्रचलनका लागि आयोगले गरेका क्रियाकलाप तथा उत्कृष्ट अभ्यासहरूका बारेमा जानकारी गराउनुका साथै संस्थाको प्रभावकारितामा योगदान पुऱ्याउँदै आएको छ । संस्थामा रहेर आयोगले खेलेको भूमिकाका कारण अन्तर्राष्ट्रिय जगतमा नेपालको प्रतिष्ठामा सकारात्मक प्रभाव पारेको विश्वास आयोगको रहेको छ ।

यस अवस्थामा आगामी २ वर्षका लागि कार्यकारणी समितिको सदस्यमा उम्मेदवारी दिन उपयुक्त हुने विश्वास आयोगले गरेको छ । तसर्थ नेपालको तर्फबाट सदस्य रहेको राष्ट्रिय सूचना आयोगले International Conference of Information Commissioners(ICIC) को कार्यकारिणी समितिको सदस्यमा उम्मेदवारी दिने स्वीकृतिका लागि र सदस्य राष्ट्रहरूको समर्थन जुटाउन तथा मतका लागि आवश्यक कुटनैतिक पहल समेत गर्ने व्यवस्था हुन आवश्यक कागजातहरु संलग्न गरी सञ्चार तथा प्रविधि मन्त्रालयमा स्वीकृतिका लागि लेखी पठाउने । आवेदन गर्ने अन्तिम समयसम्म स्वीकृति आउन बाँकी भएको अवस्थामा पछि स्वीकृतिका बारेमा प्राप्त हुने निर्णयानुसार हुने गरी उम्मेदवारी आवेदन ICIC मा पठाउने । ■

# सेवानिवृत्त सचिव मणिराम ओझाको विदाइ






*राष्ट्रिय सूचना आयोगमा २०७५ बैशाख २ गतेदेखि कार्यरत रहँदै आउनुभएका नेपाल सरकारका विशिष्ट श्रेणीका सचिव मणिराम ओझाले २०७७ कार्तिक १९ गतेदेखि उमेरहदका कारण अनिवार्य अवकाश लिनु भयो ।*

*सचिव मणिराम ओझा खोटाङ जिल्लाको वडका लियाले- ५ मा जन्मनु भई हाल काठमाडौं महानगरपालिका- ३२ पेप्सीकोला बस्दै आउनुभएको छ । विगत ३० वर्षदेखि न्याय क्षेत्रमा रही नेपाल सरकारलाई योगदान पुऱ्याउने क्रममा राष्ट्रपतिको कार्यालय, अर्थ मन्त्रालय, निर्वाचन आयोग, नेपाल कानुन आयोग, सत्य निरूपण तथा मेलमिलाप आयोग र राष्ट्रिय सूचना आयोगमा नेपाल सरकारको उच्च पदमा बसी सेवा गर्दै आउनुभएको थियो । सचिव ओझाले नेपाल जनप्रशासन संघ (हाल कार्यकारिणी सदस्य) र न्यूनतम सुविधाविहीन बालबालिकाका लागि शैक्षिक कार्यक्रम युसेप नेपालको आजीवन सदस्यता लिनुभएको छ । राष्ट्रिय शिक्षा दिवस पदक, २०६४, सुप्रवल जनसेवाश्री (तृतीय), २०६७ र सुकीर्तिमय राष्ट्रदीप (तृतीय) २०७६ बाट सम्मानित हुनुभएका सचिव मणिराम ओझाको सेवानिवृत्त जीवन सुखमय होस् भन्ने आयोग परिवार कामना गर्दछ ।*

*उहाँको विदाइ कार्यक्रममा राष्ट्रिय सूचना आयोगका प्रमुख सूचना आयुक्त महेन्द्रमान गुरूङ्गले नेपाल सरकारलाई लामो समयसम्म पुऱ्याउनुभएको सेवाको उच्चतम् मूल्याङ्कन गर्दै सचिव ओझाको बाँकी जीवनको सफलताको कामना गर्दै सरकारी सेवामा निरन्तर ३० बर्षभन्दा बढी सेवा गर्न पाउनुलाई गौरवको विषयका रूपमा लिन आग्रह गर्दै मन्तव्य राख्नु भयो ।*

*विदाइ मन्तव्य राख्ने क्रममा निवर्तमान सचिव मणिराम ओझाले नेपाल सरकारका विभिन्न निकायहरूमा रही सेवा गर्दा थुप्रै अनुभव हासिल गरेको तथा आफूलाई प्राप्त ज्ञान र अनुभव देश र नागरिकका लागि समर्पण गर्न आफू सदैव तत्पर रहेको बताउनु भयो । कार्यक्रममा आयोगका सम्पूर्ण कर्मचारीहरूको उपस्थिति थियो ।* ■

# प्रमुख जिल्ला अधिकारीलाई गरिएको अधिकार प्रत्यायोजन संशोधन

राष्ट्रिय सूचना आयोगको २०७७ मंसिर ११ मा बसेको बैठकले आयोगको २०७३ बैशाख ३१ को बैठकको निर्णयानुसार प्रमुख जिल्ला अधिकारीलाई सूचनाको हकसम्बन्धी ऐन, २०६४ को दफा २० बमोजिम प्रत्यायोजित अधिकारमा देहायबमोजिम हुने गरी संशोधन गरेको छ ।

क) सूचनाको हकसम्बन्धी ऐन, २०६४ को दफा ५ को उपदफा (३) र (४) तथा सूचनाको हकसम्बन्धी नियमावली, २०६५ को नियम ३ बमोजिम प्रत्येक तीन/तीन महिनामा स्वतःप्रकाशन (Pro-Active Disclosure) नियमित प्रकाशन गर्न तहाँ जिल्लाका सबै सरकारी कार्यालय, स्थानीय तह र सार्वजनिक निकायहरूलाई (सूचनाको हकसम्बन्धी ऐन, २०६४ को दफा २(क)) सरकारी कार्यालय, स्थानीय तह र सार्वजनिक निकायहरूलाई आदेश दिने ।

ख) सूचनाको हकसम्बन्धी ऐन, २०६४ को दफा ६ र सूचनाको हकसम्बन्धी नियमावली, २०६५ को नियम २४क बमोजिम तहाँ जिल्लाका सबै सरकारी कार्यालय, स्थानीय तह तथा सार्वजनिक निकायमा सूचना अधिकारी तोक्न र तहाँ पदाधिकारीको नाम, सर्म्पक र फोटो सहित विवरण फ्लेक्स वोर्ड (Flex Board) लगायतको उपयुक्त माध्यमद्वारा सार्वजनिक गर्न आदेश दिने ।

ग) सूचनाको हकसम्बन्धी नियमावली, २०६५ को नियम ३ ख(४) मा सार्वजनिक निकायमा परेको सूचनाको माग सम्बन्धी निवेदन र सो उपर सूचना दिएको विषयलाई पनि ३/३ महिनामा सार्वजनिक गर्नुपर्ने व्यबस्था भए बमोजिम तहाँ जिल्लाका उल्लेखित सबै सरकारी कार्यालय, स्थानीय तह तथा सार्वजनिक निकायहरूमा पर्ने निवेदन र सो बमोजिम सूचना उपलब्ध गराईएको वा इन्कार गरिएको विवरणको छुट्टै अभिलेख राख्न आदेश दिने ।

बैठकले सूचनाको हक सम्बन्धी कानून बमोजिम सार्वजनिक निकायमा सूचना माग गर्न जाने सूचना मागकर्ताको संरक्षण गर्न र सूचना माग गर्ने वातावरण सिर्जना गर्न तथा कुनै सार्वजनिक निकायमा सूचना मागको निवेदन दर्ता हुन नसकेको अवस्थामा सम्बन्धित सार्वजनिक निकायलाई निवेदन दर्ता गर्ने व्यवस्था मिलाउन सबै जिल्लाका प्रमुख जिल्ला अधिकारीलाई लेखिपठाउने निर्णय गरेको छ ।

मुलुकभरका विद्यालयहरूमा सूचनाको हक कार्यान्वयन गर्ने सन्दर्भमा आयोगबाट आदेश गरी कार्यान्वयन गर्ने व्यवस्था मिलाउनेका साथै South Asian Forum of Information Commissionners को स्थापना गर्ने सम्बन्धमा अध्ययन गरी Protocal Charter तयार गरी पेश गर्न राष्ट्रिय सूचना आयोगका सचिवको संयोजकत्वमा परराष्ट्र, सूचना तथा सञ्चार प्रविधि मन्त्रालयका प्रतिनिधि (उपसचिवस्तर) सदस्य तथा राष्ट्रिय सूचना आयोग योजना शाखाका उपसचिव सदस्य-सचिव रहने गरी एउटा समिति गठन गर्ने निर्णय गरेको छ । ■

सम्पादक मण्डल : रत्नप्रसाद मैनाली; सूचना आयुक्त, डा. मुकुन्द प्रसाद पौड्याल; सचिव, सन्ध्या सिग्देल; शाखा अधिकृत

सल्लाहकार : महेन्द्रमान गुरूङ्; प्रमुख सूचना आयुक्त, कमला ओली थापा; सूचना आयुक्त

प्रकाशक

राष्ट्रिय सूचना आयोग

देवीनगर-१०, बानेश्वर, काठमाडौं, नेपाल, फोन नं. : ०१-४६०२७४७, फ्याक्स नं. : ०१-४६०१२१२